नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ............................ शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ३०६१२

मिति : २०७९-०८-२७

विषय :- कम्पनी गाभ्ने स्वीकृति बारे ।

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (लि. नं. १००६)**
विराटनगर महानगरपालिका-७,मोरंग,१

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०७९/०७/२८ गते वार्षिक साधारण सभाको निर्णय बमोजिम सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. नं. १००६ मा ज्योति लाइफ ईन्स्योन्स कम्पनी लि.नं. १६८१०५ लाई गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पति र दायित्व हालको कम्पनीले व्यहोर्ने सकार्ने गरी ज्योति लाइफ ईन्स्योन्स कम्पनी लि.नं. १६८१०५ लाई सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. नं. १००६ मा गाभ्न मिति २०७९/०८/२७ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै कम्पनीले देहाय बमोजिम शर्तहरु पालना गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।
१. गाभिएपछि कम्पनीको पूँजी संरचना मिलाई पेश गर्ने।
२. कम्पनी गाभिए पछि कम्पनीको नियमावली बमोजिम कायम हुने सञ्चालक लगत पेश गर्ने ।
३. गाभिने कम्पनीको जारी शेयर प्रमाण पत्र गाभ्ने कम्पनीमा रुपान्तरण गर्ने र सो को जानकारी दिने ।
४. कम्पनी गाभिएको सार्वजनिक सूचना राष्ट्रियस्तरको (क) बर्गको दैनिक पत्रिकामा प्रकाशन गरी सोको जानकारी ३० दिन भित्र यस कार्यालयलाई दिने ।
५. गाभिएपछि गाभिने कम्पनीको ऋण धन दायित्व सम्पूर्ण गाभ्ने कम्पनीले व्यहोर्ने छ ।
६.नेपाल बिमा प्राधिकरण को मिति २०७९/०८/०२ च.नं. २२७६ को पत्रबाट सि.नं. १ देखि ११ सम्मका शर्त सहित अन्तिम स्विकृतिपत्रमा उल्लेखित शर्तहरु पालना गर्नुपर्नेछ।

(अर्जुन खड्का)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री नेपाल विमा प्राधिकरण , ललितपुर।
श्री नेपाल धितोपत्र वोर्ड, ललितपुर।
श्री नेपाल स्टक एक्स्चेन्ज लि. काठमाण्डौ।
श्री सिडिएससी लि. काठमाण्डौ।
श्री मध्यम स्तरिय कर कार्यालय , काठमाण्डौ ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np